बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कारोवार गर्ने गरी
कम्पनी ऐन, २०७४ अन्तर्गत संस्थापित

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड

# Shree Investment and Finance Co. Ltd.


(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त संस्था)
रजिष्टर्ड कार्यालयः डिल्लीबजार, काठमाण्डौ, नेपाल
फोन नं.०१-४४१५३४४, फ्याक्स नं.०१-४४२१७७९
Email: sifco@wlink.com.np, URL: www.shreefinance.com.np

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

**दरखास्तसाथ प्रति शेयर रु. १००।- को दरले माग गरिएको**

विद्यमान चुक्तापूँजी रु.३४,५४,४८,८७० बराबरको प्रति शेयर रु.१००।- अंकित दरका ३४,५४,४८८.७० कित्ता साधारण शेयरको दश शेयर बराबर आठ दशमलव तीन शेयर (१० : ८.३) (अर्थात विद्यमान दश कित्ता साधारण शेयर बराबर नयाँ आठ दशमलव तीन कित्ता साधारण शेयर)को अनुपातमा रु.२८,६७,२२५६२ बराबरको प्रति शेयर १००।–अंकित दरका २८,६७,२२५.६२ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

### निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

धितोपत्र लगानीमा हुनसक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ । यस वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु बारे यस विवरणको दफा "थ" मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/०८/१८
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति :२०७४/१०/१५
हकप्रद शेयर निष्काशन बन्द हुने मिति :२०७४/११/२०

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**


पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेलःscl@siddharthacapital.com
वेवसाइटः www.siddharthacapital.com

**(क) संगठित संस्थाको नाम :** श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड
Shree Investment and Finance Company Ltd.

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं ३०, डिल्लीबजारमा रहेको छ ।

**(ग) कारोवार स्थान:** उपरोक्त स्थानमा वित्तीय संस्थाले आफ्नो प्रधान कार्यालय खोलि बैंकिङ्ग कारोबार गरिरहेको छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार नेपाल भर शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सक्नेछ ।

शाखा कार्यालयहरु तल उल्लेख भए बमोजिम रहेका छन् ।

| क्र.सं. | शाखा कार्यालयको नाम र जिल्ला | क्र.सं. | शाखा कार्यालयको नाम र जिल्ला |
|---|---|---|---|
| १ | बिराटनगर शाखा, मोरङ | २ | सिध्दार्थनगर शाखा, रुपन्देही |
| ३ | तौलिहवा शाखा, कपिलबस्तु | ४ | ओदारी शाखा, कपिलबस्तु |
| ५ | रजहर शाखा, नवलपरासी | ६ | डण्डा शाखा, नवलपरासी |
| ७ | हर्कपुर एक्सटेन्सन काउण्टर, नवलपरासी | | |

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**संगठित संस्थाको संक्षिप्त परिचय :**

यस वित्तीय संस्था साविक श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड र एभरेष्ट फाइनान्स लिमिटेड मिति २०७३/१०/१९ मा मर्ज भई बनेको पब्लिक लिमिटेड कम्पनी हो । यस वित्तीय संस्था २०५२ वैशाख २९ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरी मिति २०५२ जेष्ठ १८ गतेबाट वित्तीय कारोवार गर्दै आइरहेको कम्पनी हो । यस वित्तीय संस्था कम्पनीको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५१/०३/२२ मा दर्ता नं. ७५/०५०/०५१ बाट दर्ता भई भएको "ग" वर्गको वित्तिय संस्था हो । यसमा उद्योगी, व्यवसायी, बैंकिङ्ग क्षेत्रका जानकार आदिको वित्तिय लगानी रहेको छ । यस वित्तीय संस्थाले कूल ८ वटा कार्यालयहरुबाट बैकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ ।

**संगठित संस्थाको उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

१) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने ।

२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरीक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।

३) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचीत परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

४) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

**(ङ) शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजी** : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,००,००,००,०००/–(अक्षरेपी एक अर्व मात्र) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ ।

ख) **जारी पूँजी :** यस वित्तीय संस्थाको जारी पूँजी रु.६३,२१,७१,४३२/–(अक्षरेपी त्रिसठ्ठी करोड एक्काईस लाख एकहत्तर हजार चार सय बत्तिस मात्र) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ६३,२१,७१४।३२

कित्ता (त्रिसठ्ठी लाख एक्काईस हजार सात सय चौध दशमलब बत्तिस) कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ ।

ग) **चुक्ता पूँजी** : हाल यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.३४,५४,४८,८७०/– (अक्षरेपी चौतिस करोड चौवन्न लाख अड्चालिस हजार आठ सय सत्तरी मात्र) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ३४,५४,४८८.७० कित्ता (चौतिस लाख चौवन्न हजार चार सय अठासी दशमलब सत्तरी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु.६३,२१,७१,४३२/–(अक्षरेपी त्रिसठ्ठी करोड एक्काईस लाख एकहत्तर हजार चार सय बत्तिस मात्र) हुनेछ ।

**(च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व हुने चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १८,४१,७९१ | ५३.३१ % | १८,४१,७९१०० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १६,१२,६९७७० | ४६.६९ % | १६,१२,६९,७७० | शतप्रतिशत |
| | **जम्मा** | **३४५४४८८।७०** | १०० % | **३४,५४,४८,८७०** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३,३७०,४७७.५३ | ५३.३१ % | ३३७,०४७,७५३.०० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | २,९५१,२३६.७९ | ४६.६९ % | २९५,१२३,६७९.१० | शतप्रतिशत |
| | **जम्मा** | ६,३२१,७१४.३२ | १०० % | ६३२,१७१,४३२.१० | |

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा र उनीहरुले लिएको शेयर संख्या**

वित्तीय संस्थाको हालका शेयरधनीहरु र उनीहरुले लिएको शेयर संख्या निम्न बमोजिम छ ।

| क्र.सं. | संस्थापकको नाम | ठेगाना | शेयर कित्ता |
|---|---|---|---|
| १ | श्री दिनेश राज जोशी | चुनदेवी , काठमाण्डौं | २९४,४९३.८३ |
| २ | श्री शशि राज पाण्डे | डिल्लीबजार, काठमाण्डौं | २९४,४९३.८३ |
| ३ | श्री रबिन्द्र राज पाण्डे | सानेपा, ललितपुर | १५५,१३०.९५ |
| ४ | डा. पुष्कर नाथ पन्त | मैतिदेवी, काठमाण्डौं | १४७,२४७.०५ |
| ५ | श्री सौरभ पन्त | मैतिदेवी , काठमाण्डौं | १४७,२४५.६७ |
| ६ | श्रीमती चन्द्र लेखा पाण्डे | सानेपा, ललितपुर | १३९,३६२.८८ |
| ७ | श्री मिन बहादुर कार्कि | डिल्लीबजार, काठमाण्डौं | २४,३१४.४२ |
| ८ | श्री निरोध राज पाण्डे | ज्ञानेश्वर काठमाण्डौं | ७,७७४.७८ |
| ९ | श्री हरिकृष्ण पन्त | मैतीदेवी काठमाण्डौं | ३,९५९.२२ |
| १० | श्री बिनायक राज पाण्डे | बत्तिसपुतलि, काठमाण्डौं | ३,४४२.९० |
| ११ | श्री निर्मल प्रसाद शर्मा | गैरिधारा, काठमाण्डौं | २,७५४.६३ |

| | | | |
|---|---|---|---|
| १२ | श्री ज्वाला बहादुर कार्कि | बानेश्वर, काठमाण्डौं | २,४११.२५ |
| १३ | श्री छत्र बिक्रम नेम्वाँग | ज्ञानेश्वर काठमाण्डौं | २,१५२.६८ |
| १४ | श्री शिवान्त राज पाण्डे | बानेश्वर, काठमाण्डौं | १,९३४.५८ |
| १५ | श्री साबित्री गौतम | कुविण्डे गाविस, सिन्धुपाल्चोक | १,९३४.५८ |
| १६ | श्रीमती जया लोहनी | हांडीगांउ, काठमाण्डौं | १,७२१.४५ |
| १७ | श्रीमती बिजया पन्त | ज्ञानेश्वर काठमाण्डौं | १,७२१.४५ |
| १८ | श्रीमती उषा जोशी | बाफल , काठमाण्डौं | १,४८५.४० |
| १९ | श्रीमती नीना पाठक | बालुवाटार, काठमाण्डौं | १,४८५.४० |
| २० | श्रीमती ममता पोखरेल | डिल्लीबजार काठमाण्डौं | १,३७८.०७ |
| २१ | श्रीमती गंगा शर्मा खरेल | कुपण्डोल, ललितपुर | १,२९३.६८ |
| २२ | श्रीमती कान्ती पाण्डे | ज्ञानेश्वर काठमाण्डौं | ६८९.८० |
| २३ | श्रीमती हिरण्य कुमारी पन्त | टंगाल, काठमाण्डौं | ६८९.८० |
| २४ | श्रीमती प्रभा पेकुरेल | बानेश्वर काठमाण्डौं | ६८९.८० |
| २५ | श्री रमेश कुमार अग्रबाल | सिध्दार्थनगर - ५ रुपन्देही | २८,२१७.५८ |
| २६ | श्री धर्मराज श्रेष्ठ | सिध्दार्थनगर - १३ रुपन्देही | ३४,९६२.२१ |
| २७ | श्री अष्टभुजा प्र. चौधरी | गाविस मक्रहर - ९ रुपन्देही | २०,४५१.३० |
| २८ | श्री संजय मान बैश्यत | सिध्दार्थनगर - ७ रुपन्देही | १२६३८.११ |
| २९ | श्री रण बहादुर शाह | सिध्दार्थनगर - १० रुपन्देही | ३,८८४.१५ |
| ३० | श्री अर्जुन जंग राणा | सिध्दार्थनगर - ८ रुपन्देही | १७,५६२.८१ |
| ३१ | डा. गोविन्द बल्लभ भट्ट | सिध्दार्थनगर - ८ रुपन्देही | ५२,६८८.४३ |
| ३२ | श्री राम भक्त रावल | सिध्दार्थनगर - ८ रुपन्देही | ७,०२४.९८ |
| ३३ | श्री रामेश्वर श्रेष्ठ | सिध्दार्थनगर - ३ रुपन्देही | २६,३४४.२२ |
| ३४ | श्री शिल सागर मणी त्रिपाठी | सिध्दार्थनगर - ८ रुपन्देही | १४,०४९.९५ |
| ३५ | श्री किशन जंग राणा | सिध्दार्थनगर - ८ रुपन्देही | १७,५६२.८१ |
| ३६ | श्री राजेश कुमार अग्रवाल | सिध्दार्थनगर - १२ रुपन्देही | ४१,८१८.४० |
| ३७ | श्री बिष्णु प्रसाद उपाध्याय | सिध्दार्थनगर - ७ रुपन्देही | ४३,७३१.४० |
| ३८ | श्री प्रतिमा राज्यलक्ष्मी शाह | टिकुलीगढ गाविस-९ रुपन्देही | ६,४३९.७० |
| ३९ | श्रीमती मिता शाह राणा | डिल्लीबजार-३३ काठमाण्डौं | ५५३२२.१५ |
| ४० | श्री कोमल मल्ल | सिध्दार्थनगर - ३ रुपन्देही | ५,८५४.२७ |
| ४१ | श्री अमित कुमार गोयन्का | सिध्दार्थनगर - १२ रुपन्देही | ३६,४८३.१४ |
| ४२ | श्री बिक्रम मल्ल | पडसरी-८ कटैया रुपन्देही | १२,७२६.६८ |
| ४३ | श्री माधव प्रसाद अधिकारी | सिध्दार्थनगर - ९ रुपन्देही | ८,४८४.४५ |
| ४४ | श्री श्याम सुन्दर अग्रबाल | सिध्दार्थनगर - ९ रुपन्देही | ८,४८४.४५ |
| ४५ | डा. शान्ती भट्ट | बुढानिलकण्ठ काठमाण्डौं | ६७८७.३० |
| ४६ | श्री बसन्त प्रसाद जोशी | दा.न.पा. - ६ बैतडी | ८,४८४.४५ |

| | | | |
|---|---|---|---|
| ४७ | श्री सिता देवी थापा मगर | बुटबल -९ रामनगर, रुपन्देही | ८,४८४.४५ |
| ४८ | श्री बिष्णु कुमारी खाती | एकान्तकुना - ललितपुर | ८,४८४.४५ |
| ४९ | श्री नारायण भट्ट | सिध्दार्थनगर - ८ रुपन्देही | ४,२४२.२३ |
| ५० | श्री बिमल सेन्चुरी | सिध्दार्थनगर - १२ रुपन्देही | ३८,४०२.३२ |
| ५१ | श्री राम निवास चौधरी | पडसरी - १ रुपन्देही | १२,३५७.६० |
| ५२ | श्री संगम न्यौपाने | सिध्दार्थनगर - ९ रुपन्देही | ३,३९३.७८ |
| ५३ | श्री अजय कुमार चौधरी | गंगोलिया - रुपन्देही | ५,२६०.३६ |
| ५४ | श्री चन्द्र प्रकाश चौधरी | गंगोलिया - रुपन्देही | २,५४५.३४ |
| ५५ | श्री शैलेशकुमार श्रीबास्तव | सिध्दार्थनगर - १३ रुपन्देही | ८४८.४५ |
| ५६ | श्री नारायण अधिकारी | पडसरी - ५ रुपन्देही | १,३५७.५१ |
| ५७ | श्री प्रकाश पोखरेल | भलबारी - ५ रुपन्देही | ४२४२.५५ |
| ५८ | श्री चन्दन कुमार पाठक | सिध्दार्थनगर - ५ रुपन्देही | ४,२४२.२३ |
| ५९ | श्री राजु शाह कंकर सुनार | कावासोती - नवलपरासी | ८,४८४.४५ |
| ६० | श्री जिवन पौडेल | सिध्दार्थनगर - ७ रुपन्देही | १,६९६.८९ |
| ६१ | श्री प्रेम राज शर्मा लोहनी | सिध्दार्थनगर - ४ रुपन्देही | ३८७३.३५ |
| ६२ | श्री बिनय खरेल | सिध्दार्थनगर - ९ रुपन्देही | ३८७३.३५ |
| ६३ | श्री बिवेक शाक्य | बुटबल - ११ रुपन्देही | ३,८७३.१५ |
| ६४ | श्री दिपक कुमार बिश्वकर्मा | सिध्दार्थनगर - ७ रुपन्देही | ७,७४७.१५ |
| ६५ | श्री नरेश अश्वानी सिन्धी | सिध्दार्थनगर - ९ रुपन्देही | २,३२३.८९ |
| ६६ | श्री अभिषेक अग्रबाल | सिध्दार्थनगर - ९रुपन्देही | ३,८७३.१५ |
| | | संस्थापक समूहको जम्मा | १८,४१,७९१ |
| | | सर्वसाधारण समूहको जम्मा (कर्मचारीहरु समेत) | १६,१२,६९७ .७० |
| | | **विद्यमान जम्मा शेयर कित्ता** | **३४,५४,४८८.७०** |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

शेयरधनीको नाममा कायम रहेको शेयरको १०: ८.३ को अनुपातमा अर्थात विद्यमान दश कित्ता शेयर बराबर नयाँ आठ दशमलव तीन कित्ताको दरले हुन आउने शेयरका लागि दरखास्त साथ प्रति शेयर रु. १००।– को दरले भुक्तानी माग गर्ने गरी रु.२८,६७,२२५.६२ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिएको छ ।

**(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा विशेष साधारण सभाले गरेको निर्णय :**कम्पनीको पूँजी बृद्धि गर्न ८३ प्रतिशत (दश शेयर बराबर आठ दशमलव तीन शेयर) बराबर हकप्रद शेयर जारी गर्ने निर्णय भयो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा विशेष साधारण सभा सम्पन्न भएको मिति :** विशेष साधारण सभा सम्पन्न भएको मिति २०७४।०३।२५

## (ञ) सञ्चालकहरुको परिचय

वित्तीय संस्थाको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि. नं | नाम | पद | योग्यता | ठेगाना | अनुभव | समुह |
|---|---|---|---|---|---|---|
| १. | श्री रविन्द्र राज पाण्डे | अध्यक्ष | एम कम | सानेपा, ललितपुर | नेपाल वायु सेवामा १८ बर्ष कार्य अनुभव संस्थापक- अध्यक्ष एभरेष्ट एक्सप्रेस टुर्स एण्ड ट्राभल, एभरेष्ट एक्सप्रेस ट्रेकिङ्ग, एभरेष्ट एक्सप्रेस मेडिको सर्भिस, अध्यक्ष- काठमाण्डौ मेडिकल कलेज,श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.मा स्थापना कालदेखि सञ्चालक हाल अध्यक्ष | संस्थापक |
| २. | श्री दिनेश राज जोशी | सञ्चालक | आइ कम | चुनदेवी, काठमाण्डौ | १४ बर्षसम्म सिप्रदी ट्रेडिङ प्रा· लि.मा व्यवस्थापकको कार्य अनुभव, ,श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.मा स्थापना कालदेखि सञ्चालक | संस्थापक |
| ३ | श्री निरोध राज पाण्डे | सञ्चालक | बि.कम | ज्ञानेश्वर, काठमाण्डौ | संस्थापक- निशान्त छापाखाना, सम्पादक प्रकाशक जनभावना साप्ताहिक,का.म.न.पा. वडा कार्यालय ज्ञानेश्वरमा १० बर्ष वडा अध्यक्ष, बिगत ५ बर्ष देखि श्री इन्भेष्टमेण्ड एण्ड फाइनान्स कं.लि.को सञ्चालक | संस्थापक |
| ४. | डा. गोविन्द बल्लभ भट्ट | सञ्चालक | वि.एस्सी, एमविविएस | सिद्धार्थनगर, भैरहवा | नेपाल सरकारको स्वस्थ्या सेवामा १३ बर्षसम्म काम गरेकोर निजी स्वस्थ्य सेवामा गरि २६ बर्षको कार्य अनुभव, एभरेष्ट फाइनान्स लि.मा १४ बर्षसम्म सञ्चालक मर्जर पश्चात हाल श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं.लि.को सञ्चालक | संस्थापक |
| ५. | श्री उमेश भगत प्रधानाङ्ग | सञ्चालक | बि.कम | कुलेश्वर, काठमाण्डौ | प्रोपराईटर- आस्था ट्रेडर्स,सेरामिक प्रवर्द्धन आयोजना (GTZ) भक्तपुरमा प्रशासनिक सेवा र बजार व्यस्थापनमा २ बर्षको कार्य अनुभव,पाठ्क्रम तथा पाठ्यपुस्तक निरीक्षण केन्द्रमा २ बर्षको कार्य अनुभव,उधोग तथा घरेलुग्रामिण विभागमा १ बर्ष प्रशासनिक सेवा अनुभव, हाल श्री इन्भेष्टमेण्ड एण्ड फाइनान्स कं.लि.को सञ्चालक | सर्वसाधारण |
| ६. | श्री रामकृष्ण शर्मा वाग्ले | सञ्चालक | वि.कम | सिद्धार्थनगर, भैरहवा | विगत लामो समय देखि विभिन्न संघ संस्थामा लेखापरिक्षक कार्यमा संलग्न, एभरेष्ट फाइनान्स लि.मा ४ बर्षसम्म सञ्चालक मर्जर पश्चात हाल श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं.लि.मा सञ्चालक | सर्वसाधारण |

**वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको विवरण :**

| नाम | योग्यता | ठेगाना | अनुभव |
|---|---|---|---|
| श्री शशि राज पाण्डे | एमइ/एमएस | डिल्लीबजार, काठमाण्डौं । | नेपाल सरकारको उच्च तहमा २० बर्षको कार्य अनुभव ,नेपाल पारवहन तथा गोदाम व्यवस्थापनमा महा प्रवन्धक ,युनिलिभर नेपालमा ८ बर्ष सञ्चालक २०७२/७३ सम्म,NICCI मा पूर्व अध्यक्ष हाल Immidate Past President, आर्ट अफ लिभि, नेपालको पूर्व अध्यक्ष हाल Immidate Past Presidentतथा यस वित्तीय संथामा २२ बर्षदेखि कार्यलय प्रमुख भै काम गरेको अनुभव |

**(ट) सञ्चालक समितिको बनौट :**

यस वित्तीय संस्थाको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| 'क' समुहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ३ जना |
| 'ख' समुहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ३ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

**नोट :** नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक नियुक्त हुन बाँकी रहेकोले यस वित्तीय संस्थाको सञ्चालक संख्या ६ जना रहेको ।

**(ठ) लिनु पर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर आठ दशमलव तीन शेयर (१० : ८.३) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन । दरखास्त साथ प्रति शेयर रु.१००।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंक वा तोकिएको संकलन केन्द्रमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

**(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयर खुल्ला अवधीमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहेमा सञ्चालक समितिको निर्णय अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**(ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (खण्डित शेयर ३.१को माथिल्लो पूर्णाङ्कभनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**(ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ**

बैंकको विगत तीन आर्थिक वर्ष (आ.व.) को लेखापरीक्षण भएको समिष्टिकृत वित्तीय विवरण, चौंथो त्रैमासिक २०७३/७४ को अपरिष्कृत आर्थिक विवरण तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

**वासलात**

**(रु. हजारमा)**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. | आ.ब. | आ.व | *आ.व. ७३/७४ अषाढ मसान्त | आ.ब. | आ.ब. | आ.ब. |
| **पूंजी तथा दायित्व** | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ |
| १. शेयर पूंजी | १९७,१२० | २२०,००० | २४३,१०० | ३४५,४४९ | ८०१,४४१ | ८०१,४४१ | ८०१,४४१ |
| २. जगेडा कोषहरु | ७०,५४८ | ७६,६५३ | ८२,६०५ | ३०९,७८७ | २२६,३५७ | ३६१,८८५ | ५४२,१४३ |
| ३. ऋणपत्र तथा वन्ड | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. तिर्न बांकी कर्जा तथा सापट | | | | ८०,००० | | | |
| ५. निक्षेप दायित्व | १,६१९,८२८ | १,६०५,६४३ | १,८१५,६७१ | ३,३३५,४०० | ४,००२,४८१ | ४,८०२,९७७ | ५,७६३,५७२ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | | | | | | | |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बांकी लाभांश | १,११२ | १,२०४ | १,२१६ | | | | |
| ८. आयकर दायित्व | | | २११ | | | | |
| ९. अन्य दायित्व | ५६,३९२ | ५५,९७७ | ४७,६५५ | ८८,४१५ | २०९,५३६ | २४९,८७८ | २६२,३७२ |
| **कुल दायित्व** | **१,९४५,०००** | **१,९५९,४७७** | **२,१९०,४५७** | **४,१५९,०५२** | **५,२३९,८१५** | **६,२१६,१८१** | **७,३६९,५२८** |
| **सम्पत्ती** | | | | | | | |
| १. नगद मौज्दात | ७,८०६ | ४,१८९ | ५,६१९ | ४८,२४४ | ६०,०३७ | ७२,०४५ | ८६,४५४ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४७,७२२ | ४१,७४६ | ५४,५४२ | ६८,२२८ | ८०,०५० | ९६,०६० | ११५,२७१ |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४१२,४०५ | ५२८,१८६ | ४७२,९७६ | ९७२,३३४ | ८८०,५४६ | १,०५६,६५५ | १,२६७,९८६ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | | - | - | - | - | - |
| ५. लगानी | ६८,२६८ | ५८,१७३ | ९८,३०१ | १३१,६०३ | १३८,३९४ | १४५,५४४ | १५३,०७६ |
| ६. कर्जा सापट तथा विल खरिद | १,२८१,५९९ | १,२०३,५४६ | १,४३७,१३३ | २,८१४,८०२ | ३,८०१,७२१ | ४,५६३,८३० | ५,४७८,३६१ |
| ७. स्थिर सम्पत्ती | ११९,८३३ | ११७,४६७ | ११६,०७० | ९७,९२० | ९८,६०९ | ९९,७८४ | १०७,५८२ |
| ८. गैर वैकिंग सम्पत्ती | | | - | - | - | - | - |
| ९. अन्य सम्पत्ती | ७,३६६ | ६,१७० | ५,८१५ | २५,९२० | १८०,४५९ | १८२,२६४ | १६०,७९८ |
| **कुल सम्पत्ती** | **१,९४५,०००** | **१,९५९,४७७** | **२,१९०,४५७** | **४१,५९,०५२** | **५,२३९,८१५** | **६,२१६,१८१** | **७,३६९,५२८** |

***व्यवस्थापनबाट प्रमाणित अपरिस्कृत वित्तीय विवरण** (पत्रिकामा प्रकाशित )

## नाफा नोक्सान

(रु. हजारमा)

| विवरण | | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.ब. | आ.ब. | आ.व | *आ.व. | आ.ब. | आ.ब. | आ.ब. |
| | | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | ७३/७४ अषाढ मसान्त | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ |
| १. | ब्याज आम्दानी | १९७६९१ | १८५९९४ | १८४,४२५ | ३३१,८३० | ५४३,५७७ | ६७२,७३२ | ८०७,२७८ |
| २. | ब्याज खर्च | १३४७०० | ११७४९६ | ११९,२२४ | ११९,२१९ | ३५७,६३४ | ४२९,१६१ | ५१४,९९३ |
| | **खूद ब्याज आम्दानी** | **६२९९१** | **६८४९८** | **६५,२०१** | **१३२,६११** | **१८५,९४३** | **२४३,५७१** | **२९२,२८५** |
| ३. | कमिशन तथा डिस्काउण्ट | १७ | १७ | १० | ६३९ | १,७१६ | १,८८७ | २,०७६ |
| ४. | अन्य संचालन आम्दानी | १३८९१ | ११३४७ | १४,२६९ | १९५११ | ३७,४०९ | ५६,११३ | ८४,१७० |
| ५. | सटही घटबढ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आम्दानी | | | | | | | |
| | **कूल संचालन आम्दानी** | **७६८९९** | **७९८६२** | **७९,४८१** | **१५२,७६१** | **२२५,०६७** | **३०१,५७१** | **३७८,५३१** |
| ६. | कर्मचारी खर्च | १७९५२ | १९०६९ | १६,२२० | ३४,२४९ | ४३,६५१ | ४५,८३३ | ४८,१२५ |
| ७. | अन्य संचालन खर्च | १५०९१ | १४३९१ | १४,७१७ | २७,७३१ | ३५,५२८ | ३७,२३० | ४०,१७७ |
| ८. | सटही घटबढ नोक्सान | | | | | | | |
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | **४३८५६** | **४६४०२** | **४८,५४३** | **९०,७८२** | **१४५,८८९** | **२१८,५०८** | **२९०,२२९** |
| ९. | सम्भावित नोक्सानी ब्यबस्थाहरु | ४९८ | ३२१ | २,७६० | ४,६५१ | ९,९७९ | ७,६९८ | ९,२३८ |
| | **संञ्चालन मूनाफा** | **४३३५८** | **४६०८१** | **४५,७८४** | **८६,१३१** | **१३५,९१०** | **२१०,८१०** | **२८०,९९२** |
| १०. | गैर सञ्चालन आम्दानी / नोक्सान | १२७ | १७० | ६३८ | ११६,६३९ | २,०६० | २,१६३ | २,२७१ |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ६११ | ११५० | १,०९३ | २,७१० | – | – | – |
| | **नियमित कारोवारबाट भएको मुनाफा** | **४४०९६** | **४७४०१** | **४७,५१५** | **२०५,४८०** | **१३७,९७०** | **२१२,९७३** | **२८३,२६३** |
| १२. | असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | | | | – | – | – | – |
| | **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **४४०९६** | **४७४०१** | **४७,५१५** | **२०५,४८०** | **१३७,९७०** | **२१२,९७३** | **२८३,२६३** |
| १३. | कर्मचारी बोनस ब्यबस्था | ४००९ | ४३०९ | ४,३२० | १८,६८० | १२,५४३ | १९,३६१ | २५,७५१ |
| १४ | आयकर ब्यबस्था | १२२७२ | १२९०३ | १२,९२७ | ५४,२०९ | ३७,६२८ | ५८,०८४ | ७७,२५४ |
| **खूद नाफा/नोक्सान** | | **२७,८१५** | **३०,१८९** | **३०,२६८** | **१३२,५९१** | **८७,७९९** | **१३५,५२७** | **१८०,२५८** |

***व्यवस्थापनबाट प्रमाणित अपरिस्कृत वित्तीय विवरण**

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

| विवरण | आ.ब. | आ.ब. | आ.ब. |
|---|---|---|---|
| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | २०% | २०% | २०% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ३५% | २०% | २०% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | २६% | १९% | १९% |
| ४. कुल आयमा औषत बृद्धिदर | ३३% | २५% | २२% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | २७% | १५% | १५% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | १४% | ११% | १०% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | (३९%)* | ५४% | ३३% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ९.५% | ९.५% | ९.५% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १४.५% | १४.५% | १४.५% |

| | | | |
|---|---|---|---|
| १०. आयकर व्यवस्था (प्रतिशतमा) | ३०% | ३०% | ३०% |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ०.२५% | ०.२५% | ०.२५% |
| लगानी मा प्रतिफल | ८.५४% | ११.६५% | १३.४२% |
| अन्य संचालन खर्चका वृद्धिदर | ५% | ५% | ५% |
| कर्मचारी खर्चमा बृद्धिदर | ५% | ५% | ५% |
| % of Provision on Total Gross Loan | १.२९% | १.२४% | १.१४% |
| CRR | २% | २% | २% |
| SLR | ७% | ७% | ६% |

*आ व २०७३।७४ मा जग्गा बिक्रिबाट भएको नाफाका कारण सो आर्थिक वर्षमा उल्लेख्य रुपमा नाफा वृद्धी भएकाले आ. व. २०७४।७५ मा खुद मुनाफामा औषत बृद्धिदर ऋणात्मक देखिएको हो अन्यथा आ. व. २०७४।७५ मा खुद मुनाफामा औषत बृद्धिदर ६६% रहेको ।

# माथि उल्लेख गरिएका वित्तीय विवरण तथा प्रक्षेपित वित्तीय विवरण तयार र विश्लेषण गर्ने व्यवसायिक संस्थामा निष्काशनकर्ता वित्तीय संस्थाको आफै रहेको छ । निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा प्रेशित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु ठिक छ भनी प्रमाणित गर्नेमा एल एस पी एसोएियट्स चार्टर्ड एकाउन्टेन्ट्सका तर्फबाट सि.ए. श्री गोपाल कुमार श्रेष्ठ हुनुहुन्छ ।

**बित्तिय प्रक्षेपणका प्रमुख आधारहरु :**

(१) **कर्जा तथा सापट :** संस्थाको आ.व. २०७२/७३ को आषाढ मसान्तबाट आ.व. २०७३/७४ को आषाढ मसान्तसम्ममा कर्जामा करिव ९६ प्रतिशतको बृद्धी भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ३५, २० र २० प्रतिशतले कुल कर्जा बृद्धी हुने प्रक्षेपण गरिएको छ । कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि १४.५ प्रतिशत हुने अनुमान गरिएको छ । कर्जा तथा सापटको निक्षेप र प्राथमिक पूँजीको अनुपातमा (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरि कर्जा तथा सापट प्रक्षेपण गरिएको छ । यस अनुरुप आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमशः ७७.५५, ७८.२९ र ७८.७३ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । कर्जा नोक्सानी ब्यवस्थामा आ.व. २०७४/७५, २०७५/७६ र २०७६/७७ मा बृद्धी हुने कुल कर्जा तथा सापटको १.० प्रतिशतले थप हुने अनुमान गरिएको छ ।

(२) **निक्षेप :** संस्थाको आ.ब २०७२/७३ को आषाढ मसान्तबाट आ.ब.२०७३/७४ को आषाढ मसान्तसम्ममा जम्मा निक्षेपमा लगभग ८४ प्रतिशतको बृद्धि भएको तथा संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः २० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ । निक्षेप दायित्वमा तिर्नुपर्ने औसत ब्याजदर बचत तथा मुद्धती निक्षेपमा क्रमशः ८ र ११ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

(३) **तरलता :** नेपाल राष्ट्र बैंकले व्यबस्था गरेको बैधानिक तरलता अनुपात (Statutory Liquiditi Ratio) आ.ब २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमस ६.९६, ६.५३ र ६.१६प्रतिशतकायम हुने गरि लगानी प्रक्षेपण गरिएको छ । नेपाल राष्ट्र बैंकले व्यबस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमशः २ प्रतिशत कायम हुने गरि लगानी प्रक्षेपण गरिएको छ ।

(४) संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यबस्थाको लागि छुट्याइएको छ । संचालन खर्च प्रत्येक आ.ब मा ५ प्रतिशतले बृद्धी हुने प्रक्षेपण गरिएको छ ।आउंदो बर्षहरुको लागि बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यबस्था गरिएको छ । गत बर्षहरुको वास्तविक आकँडा तथा आउदो बर्षको संचालन योजनाको आधारमा बैक व्यवस्थापनद्धारा वित्तीय विवरण प्रक्षेपन गरिएको छ । पूँजी प्रयाप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुसार पूजीकोषको  अनुपात आ.ब २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमशः २२.५५, २१.६६ र २१.२६ प्रतिशत हुने गरि प्रक्षेपण गरिएको छ ।

(ख) वित्तीय संस्थाको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसके पछि खुद बांकी हुने सम्पत्ति(नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| **विवरण** | **वास्तविक** | | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ अषाढ मसान्त | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| **चुक्ता पूँजी** | १९७,१२० | २२०,००० | २४३,१०० | ३४५,४४९ | ८०१,४४१ | ८०१,४४१ | ८०१,४४१ |
| **जगेडा तथा कोष** | ७०,५४८ | ७६,६५३ | ८२,६०५ | ३०९,७८७ | २२६,३५७ | ३६१,८८५ | ५४२,१४३ |
| **कुल** | **२६७,६६८** | **२९६,६५३** | **३२५,७०५** | **६५५,२६६** | **१,०२७,७९९** | **१,१६३,३२६** | **१,३४३,५८४** |
| **घटाउने : अपलेखन गर्न बाँकी खर्च** | ० | ० | | ० | ० | ० | ० |
| **कुल नेटवर्थ** | **२६७,६६८** | **२९६,६५३** | **३२५,७०५** | **६५५,२३६** | **१,०२७,७९९** | **१,१६३,३२६** | **१,३४३,५८४** |
| **शेयर संख्या (हजारमा)** | १९७१ | २२०० | २४३१ | ३४५४ | ८०१४ | ८०१४ | ८०१४ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | **१३६** | **१३५** | **१३४** | **१८९** | **१२८** | **१४५** | **१६८** |
| **प्रति शेयर चुक्ता पूँजी** | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **नेटवर्थमा औसत प्रतिफल** | **१०** | **१०** | **९** | **२१** | **९** | **१२** | **१३** |
| **निष्काशन पूर्वको प्रति आम्दानी(EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा** | | | | | **३३%** | | |
| **प्रति शेयर आम्दानी रु.** | **१४.११** | **१३.७२** | **१२.४५** | **३८.३९** | **१०.९६** | **१६.९१** | **२२.४९** |

त) **वित्तीय संस्थाकोको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा-नोक्सान हिसावको विवरण** :

वित्तीय संस्थाको आ.व.२०७२/०७३ को लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाबको विवरण देहाय बमोजिम रहेको छ ।

**२०७३ आषाढ मसान्तको वासलात**

**वासलात**

**(रु. हजारमा)**

| **विवरण** | |
|---|---|
| | **आ.व** |
| **पूंजी तथा दायित्व** | २०७२/०७३ |
| १. शेयर पूंजी | २४३,१०० |
| २. जगेडा कोषहरु | ८२,६०५ |
| ३. ऋणपत्र तथा वन्ड | |
| ४. तिर्न वांकी कर्जा तथा सापट | |
| ५. निक्षेप दायित्व | १,८१५,६७१ |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | |
| ७. प्रस्तावित तथा भुक्तानी दिन वांकी लाभांश | १,२१६ |
| ८. आयकर दायित्व | २११ |
| ९. अन्य दायित्व | ४७,६५५ |
| **कुल दायित्व** | **२,१९०,४५७** |
| **सम्पत्ती** | |
| १. नगद मौज्दात | ५,६१९ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५४,५४२ |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४७२,९७६ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | ९८,३०१ |
| ६. कर्जा सापट तथा विल खरिद | १,४३७,१३३ |
| ७. स्थिर सम्पत्ती | ११६,०७० |
| ८. गैर वैंकिंग सम्पत्ती | - |
| ९. अन्य सम्पत्ती | ५,८१५ |
| **कुल सम्पत्ती** | **२,१९०,४५७** |

**नाफा नोक्सान**

**(रु. हजारमा)**

| **विवरण** | | **वास्तविक** |
|---|---|---|
| | | **आ.व** |
| | | २०७२/०७३ |
| १. | ब्याज आम्दानी | १८४,४२५ |
| २. | ब्याज खर्च | ११९,२२४ |
| | **खुद ब्याज आम्दानी** | **६५,२०१** |
| ३. | कमिशन तथा डिस्काउण्ट | १० |
| ४. | अन्य संचालन आम्दानी | १४,२६९ |
| ५. | सटही घटबढ आम्दानी | |
| | **कुल संचालन आम्दानी** | **७९,४८१** |
| ६. | कर्मचारी खर्च | १६,२२० |
| ७. | अन्य संचालन खर्च | १४,७१७ |
| ८. | सटही घटबढ नोक्सान | |

| | | |
|---|---|---|
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **४८,५४३** |
| ९. | सम्भावित नोक्सानी व्यबस्थाहरु | २,७६० |
| | **संञ्चालन मुनाफा** | **४५,७८४** |
| १०. | गैर सञ्चालन आम्दानी / नोक्सान | ६३८ |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १,०९३ |
| | **नियमित कारोवारबाट भएको मूनाफा** | **४७,५१५** |
| १२. | असामान्य कारोवारहरुबाट भएको मूनाफा/खर्च | |
| | **सम्पूर्ण कारोवार समावेश पछिको खूद मूनाफा** | **४७,५१५** |
| १३. | कर्मचारी बोनस व्यवस्था | ४,३२० |
| १४ | आयकर व्यबस्था | १२,९२७ |
| **खुद नाफा/नोक्सान** | | **३०,२६८** |

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
छ) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ज) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाल बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जाखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
ञ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटवढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
ट) वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न वित्तीय संस्थाले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ :
वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ वित्तीय संस्थाले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुवाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

निष्काशन गरिएको शेयर मूल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

वित्तीय संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा ३० दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समय भित्र निम्नलिखित स्थानहरुमा वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ ।

**क**) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाण्डौ ।

**ख**) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ स्थित कार्यालयबाट ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण :**

प्रत्याभुत नगरिएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

वित्तीय संस्थाले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरु मध्ये हितग्राही खाता नभएका शेयरधनीहरुको हकमा हितग्राही खाता माग गरि तथा हितग्राही खाता भएका शेयरधनीहरुको हकमा निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

**(फ) संगठित संस्थाको कारोवारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको ।

**(ब) हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १०: ८.३ को अनुपातमा ( विद्यमान १० कित्ता शेयर बराबर नयाँ ८.३ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा वित्तीय संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धीत वित्तीय संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछः-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धीत नियामक निकायले शेयरको स्वामित्व संख्याको सिमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समुहकृत गरिएको भएमा सोही समुहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

(२) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(३) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला)ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

(५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बित्तीय संस्थाले नियामक निकायले तोकेको देहायको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ

ख) संस्थापक/सर्वसाधारण समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने । हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरु बीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धीत बित्तीय संस्थाले नै हक हस्तान्तरण गर्न सक्नेछ

ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा गरेको हुनुपर्नेछ । सोका अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र /वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने ।

घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।

- हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बित्तीय संस्थामा पेश गर्नुपर्नेछ ।
- यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी वित्तीय संस्थाले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ ।
- यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बित्तीय संस्थाले सूचना दिनुपर्नेछ । तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ

ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बित्तीय संस्था वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन नहुने ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

१) वित्तीय संस्थाको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था एल.एस.पि एसोशियट्स् काठमाण्डौका सिए. गोपाल कुमार श्रेष्ठ रहनुभएको छ ।

२) वित्तीय संस्थाको कम्पनी सचिवमा श्री खिम बहादुर कार्की रहनुभएको छ ।

३) वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा ब्यबसायिक संस्था एल एस पि एसोएियट्स चार्टर्ड एकाउन्टेन्ट्सका तर्फबाट सिए. गोपाल कुमार श्रेष्ठले प्रमाणित गर्नुभएको हो ।

४) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

५) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौं रहेको छ ।

६) **अन्य :**

(क) धितोपत्र सिडिएसमा दर्ता गर्ने सम्वन्धमा :
नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र साविक शेयरधनीहरुमा निष्कासन भई बाँडफाँट भए पश्चात सिडिएसमा दर्ता गराई धितोपत्र अभौतिक रुपमा समेत उपलव्ध गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्ने छ ।

(ख) धितोपत्र निष्कासनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरण लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision)मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्कासन तथा विक्री प्रवन्धकको website: www.siddharthacapital.com तथा निष्कासन बित्त कम्पनीको website: www.shreefinance.com.np मा राख्ने व्यवस्था गरिनेछ ।

(ग) धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरण सार्वजनिक निष्कासनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलव्ध गराइने छ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

क) वित्तीय संस्थाको पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।

ख) नेपाल राष्ट्र बैंकले निर्देशन दिए अनुरुप वित्तीय संस्थाको भविष्यमा पूँजीकोष अपर्याप्त हुने देखिएकोले समयमा नै हकप्रद शेयर जारी गर्नुपर्ने ।

ग) वित्तीय संस्थाको विशेष साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा दश शेयर वरावर आठ दशमलव तीन शेयर (१०:८.३) को अनुपातमा हकप्रद शेयर निष्काशन गरि वित्तीय संस्थालाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।

घ) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूंजी संकलन गर्न ।

ङ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।

च) नेपाल राष्ट्र बैंकले २०७४ असाढ मसान्तसम्म पुऱ्याउनुपर्ने भनि तोकिएको पूँजी हकप्रद शेयर निष्काशन नगरी पुऱ्याउन नसकिने भएकोले हकप्रद शेयर जारी गर्नुपर्ने उद्देश्य रहेको ।

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ :

| सि.नं. | शिर्षक | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|
| १ | तरलता/बैंक | ५६,७२३ |
| २ | शाखा विस्तार तथा भौतिक पुर्वाधार निर्माण | २०,००० |
| ३ | व्यापारिक कर्जा लगानी | ५०,००० |
| ४ | घर कर्जा लगानी | ५०,००० |
| ५ | हायर पर्चेज कर्जा लगानी | २०,००० |
| ६ | पर्यटन क्षेत्र कर्जा लगानी | ५०,००० |
| ७ | कृषि, घरेलु तथा साना उद्योग कर्जा लगानी | ४०,००० |
| | **जम्मा** | **२८६,७२३** |

## (र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैतिस दिनका लागि खुल्ला राखिनेछ । हकप्रद शेयर विक्री खुल्ला अवधी भित्र सवै धितोपत्र विक्री नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिने छ ।

## (ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :

| | |
|---|---|
| १. | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड, डिल्लीबजार, काठमाण्डौ तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु । |
| २. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३ | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

घ) दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

## (व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :

वित्तीय संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धीत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण बित्तीय संस्थाको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम बित्तीय संस्थाका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक

शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको वित्तीय संस्थाको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो। " नेपाल राष्ट्र बैकले बैक तथा वित्तीय संस्थाहरुलाई २०७४ असार मसान्तभित्र तोके बमोजिमको न्यूनतम चुक्ता पूँजी बृद्धि गर्न निर्देशन दिएको सन्दर्भमा हकप्रद निष्काशन गर्दा क्रेडिट रेटिड. गर्न नपर्नका लागि नेपाल धितोपत्र बोर्डले तोकेको देहाय शर्तहरु पूरा गरेको हुँदा यस विवरणहरु मार्फत निष्काशन गरिने धितोपत्रको क्रेडिट रेटिड. गर्न नपर्ने स्वघोषणा रहेको छ "।

**१. अंकित मूल्यमा हकप्रद शेयर निष्कासन गरेको हुनुपर्ने :**

- प्रति शेयर रु १०० मा हकप्रद शेयर निष्काशन गरिने ।

**२. प्रति शेयर नेटवर्थ रु. १०० भन्दा बढी भएको हुनुपर्ने :**

- आ.व. २०७३।०७४ आषाढ मसान्त सम्म प्रति शेयर नेटवर्थ रु. १८९.११ रहेको ।

**३. अंकित मूल्य भन्दा बजार मूल्य बढी भएको हुनुपर्ने :**

- २०७४आश्विन महिनाको न्यूनतम वजार मूल्य प्रति शेयर रु.४२० रहेको ।

**४. विगत पाँच वर्ष देखि संचालनमा रही कम्तीमा तीन वर्ष नाफामा संचालित भएको हुनुपर्नेछ र संचित नोक्सान हुन नहुने :**

- विगत तेइस वर्षदेखि संचालनमा रही संचित नोक्सानी नभएको र आ.व. २०७०/०७१, ०७१/०७२ , ०७२/०७३ र आ.ब. २०७३/०७४ मा खुदनाफा (रु हजारमा) क्रमशः २७८१५, ३०१८९ , ३०२६८ तथा १३२५९१ रहेको ।

**५.NPA (Non Performing Assets) नेपाल राष्ट्र बैंकले तोकेको सिमा भित्र हुनुपर्ने :**

- आ.व. २०७३/०७४ आषाढ मसान्त सम्म नेपाल राष्ट्र बैंकले तोकेको सिमा भित्र अर्थात ०.२५प्रतिशत रहेको ।

**६. पूँजी बृद्धि गरिएको सम्वन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको हुनुपर्ने :**

पूँजी बृद्धि गरिएको सम्वन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४ आश्विन ३१ गते अभिलेख भैसकेको ।

**(श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण**

| **वित्तीय संस्थाको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण** | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७३/२०७४ | ४११ | २८६ | ३८३ | १,२९,०९७ |
| २०७२/२०७३ | ३९० | ३०५ | ३११ | २६,८६४ |
| २०७१/२०७२ | ४१६ | ३२० | ३२७ | १५,७२७ |

| **वित्तीय संस्थाको विगत तीन महिनाको शेयर कारोवारको विवरण** | | | | |
|---|---|---|---|---|
| महिना | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| मंसिर २०७४ | ४५७ | ४१९ | ४३९ | ४०,५१५ |
| कात्तिक २०७४ | ४७० | ४१५ | ४४४ | १०,६१६ |
| असोज २०७४ | ४७४ | ४२० | ४४० | ५१,२८८ |

**नोटः** वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने ।

**(ष) यस “हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत**

| क.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री रविन्द्र राज पाण्डे | अध्यक्ष | |
| २. | श्री दिनेश राज जोशी | सञ्चालक | |
| ३ | श्री निरोध राज पाण्डे | सञ्चालक | |
| ५. | डा. गोविन्द बल्लभ भट्ट | सञ्चालक | |
| ४. | श्री उमेश भगत प्रधानाङ्ग | सञ्चालक | |
| ६. | श्री रामकृष्ण शर्मा वाग्ले | सञ्चालक | |

**(स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।